नेपाल सरकार
अर्थ मन्त्रालय
महालेखा नियन्त्रक कार्यालय
Financial Comptroller General Office

पत्र संख्याः २०७३/०७४/२.२ आन्तरिक प्रशासन शाखा
चलानी नं. ८१९

मिति: २०७३।१२।१८

**विषय : संचित बिदा र औषधि उपचार खर्च वापत पाउने सुविधामा करकट्टी सम्बन्धमा ।**

सबै कोष तथा लेखा नियन्त्रक कार्यालयहरु,

उपरोक्त सम्बन्धमा आन्तरिक राजश्व विभाग (नीति विश्लेषण शाखा) को प.सं. २०७३/०७४, च.नं. १३१, मिति २०७३/११/१० को पत्रबाट अनिवार्य सेवा निवृत कर्मचारीको सेवा निवृत भए पछि पाउने संचित बिदा र औषधि उपचार खर्च वापत पाउने सुविधामा करकट्टी सम्बन्धमा सबै को.ले.नि.का.मा एकरुपता नभएको पाईएकोले के कति र कसरी करकट्टि गरिने हो, भन्ने सम्बन्धमा मिति २०७३।११।०९ मा भएको निर्णय एकरुपताको लागि सबै कोष तथा लेखा नियन्त्रक कार्यालयहरुलाई निर्देशन हुन अनुरोध भई आएकोले तपशिल बमोजिम गर्नु गराउनु हुन यो परिपत्र गरिएको व्यहोरा अनुरोध छ ।

१. आयकर नियमावली २०५९ को नियम २० को उपनियम ६ खण्ड (क) अनुसार आयकर ऐन २०५८ प्रारम्भ हुनु भन्दा अघिका आय वर्षहरुमा कर्मचारी वा कामदारको सो अवधि सम्म पाकेको संचित विदा वापतको रकममा कर छुट हुने स्पष्ट व्यवस्था रहेकोले २०५८ चैत्र १८ गते सम्मको पाकेको संचित घर बिदा बापतको रकममा आयकर नलाग्ने ।२०५८ चैत्र १८ गते सम्मको संचित बिदा त्यस पश्चात खर्च भएकोमा त्यसरी खर्च भएको दिन वापतको रकममा भने आयकर छुट नहुने । उदाहरणको लागि, कुनै कर्मचारी कामदारको २०५८ चैत्र १८ गते पाकेको संचित विदा १८० दिन रहेछ ।निजले सो मिति पश्चात उक्त संचित विदाबाट बिदा खर्च गरेको कारण उक्त संचित बिदा घटेर १७० दिन भएको रहेछ र पछि पुन : बढेर १८० दिन नै पुगेको रहेछ भने त्यस्तो अवस्थामा १७० दिन वापतको रकममा मात्र कर छुट हुने, बाँकी १० दिन वापतको रकममा कर छुट नहुने ।

२. आयकर नियमावली २०५९ को नियम २० को उपनियम ६ को खण्ड (ख) बमोजिम आयकर ऐन २०५८ प्रारम्भ हुँदाका वखत (मिति २०५८।१२।१९ मा) सेवामा रहेका कर्माचारीलाई सेवाबाट अवकाश हुँदा निजहरुको सेवा शर्त सम्बन्धी नियम अनुसार भुक्तानी हुने एक लाख असी हजार रुपैंयासम्मको औषधी उपचार खर्च रकमलाई सो कर्मचारी वा कामदारको आयमा समावेश गर्नु नपर्ने ।तर सो भन्दा बढी रकम भुक्तानी भएको अवस्थामा एक लाख असी हजार रुपैंया घटाई बाँकी रकमलाई एकमुष्ठ भुक्तानी हुने अवकाश भुक्तानी रकममा समावेश गर्नु पर्ने ।

३. आयकर ऐन २०५८ को दफा ६५ को उपदफा १ तथा सोही ऐनको दफा ८८ को उपदफा १ को खण्ड १ बमोजिम नेपाल सरकारबाट भएको एकमुष्ठ रुपमा अवकाश भुक्तानी संचित बिदा, उपदान र औषधी उपचार खर्च रकमबाट सो भुक्तानी रकमको पचास प्रतिशत वा पाँच लाख रुपैंया मध्ये जुन बढी हुन्छ सो रकम घटाई हुन आउने बाँकी रकममा पाँच प्रतिशतका दरले करकट्टि गर्नु पर्ने ।

बसन्त राज सिग्देल
लेखा अधिकृत


अनामनगर, काठमाण्डौं, फोनः ०१-४७७१२९०, ४७७१२९३, फ्याक्सः ०१-४७७१२९१
E-mail: info@fcgo.gov.np, Website: www.fcgo.gov.np